सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

प. सं. / Ref. No.: २०८०/०८१
च. नं. / Dispatch No. :

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## नदीजन्य पदार्थको उत्खन्न तथा बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/११/०७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, र यस सियारी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ७, संघीय सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८, लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ तथा गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् व्यवस्थापन तथा नियमन कार्यविधि,२०७७ समेतको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सियारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र खरिद गरि १६ औं दिन दिनको १२:०० बजे सम्म पेस गर्ने गरि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | आय ठेक्कानं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | **SRM-04/080/081** | सियारी-४ धमसरघाट | ६,९९,६३७.९३ | ६९,९६,३७९.३ | कबोल अंकको ५% | ३०००/- |

**शर्तहरु :**

१. कवौल रकमकौ पाचँ प्रतिशत रकम यस गाउँपालिकाको एन.आई.सि.एशिया बैंकमा रहेको ग३.१स्थानीय तह धरौटी खाता नं.०९३२०५००१४९४१०१२ मा दाखिला गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।
२. बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः सूचना प्रकाशन भएको मितिले १५ औं दिन २०८०/११/२१ गते कार्यालय समयभित्र ।
३. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति र समयः सूचना प्रकाशन भएको मितिले १६ औं दिन २०८०/११/२२ गते दिनको १२:०० बजे, सियारी गाउँ कार्यपालिकाको कार्यालय ।
४. बोलपत्र फाराम खोलिने मिति,समय र स्थानः सूचना प्रकाशन भएको मितिले १६ औं दिन २०८०/११/२२ गते दिनको २:०० बजे, सियारी गाउँ कार्यपालिकाको कार्यालय ।

**अन्य जानकारी तथा शर्तहरुः बोलपत्र फारमसाथ प्राप्त हुनेछ र गाउँ कार्यपालिकाको सूचना पाटी तथा गाउँ कार्यपालिकाको वेवसाइट www.siyarimun.gov.npबाट जानकारी लिन सकिनेछ ।**

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत